DOI : https://doi.org/10.3126/kaladarpan.v4i1.62806

# "ऋतुविचार" खण्डकाव्यमा सामाजिक सन्दर्भ
# Social Context in Sub-Epic Rituvichar

**डा. शालिकराम पौड्याल**
उपप्राध्यापक, त्रिभुवन विश्वविद्यालय
Email: paudyalshalikram@gmail.com

**सार** : *लेखनाथ पौड्यालको ऋतुविचार प्रकृतिकाव्य भए पनि प्रकृतिको चित्रणका क्रममा समाजका विविध पक्षको चित्रण गरिएको छ । समाज चित्रणका दृष्टिले यस काव्यमा युगीन सामाजिक चेतनाको अभिव्यक्ति भएको छ । प्रस्तुत लेखमा प्राथमिक स्रोत र द्वितीयक स्रोतका सामग्री पुस्तकालय कार्यबाट सङ्कलन गरी सामाजिकताका कोणबाट पाठको विश्लेषण गरिएको छ । यस काव्यमा युगीन सामाजिक यथार्थको प्रस्तुति, युगीन सामाजिक विसङ्गतिहरूप्रति व्यङ्ग्य गरिएको छ । वसन्त ऋतु, ग्रीष्म ऋतु, वर्षा ऋतु, शरद् ऋतु, हेमन्त ऋतु र शिशिर ऋतुका ऋतुचक्रले प्रकृतिमा आउने परिवर्तन र त्यसका माध्यमबाट सामाजिक जीवनमा परेको प्रभावलाई काव्यमा वर्णन गरिएको छ । नेपाली समाजको चित्रणअन्तर्गत नेपाली समाज, धर्मसंस्कृति, राजनीति, पेसा-व्यवसाय, सामाजिक, आर्थिक पक्ष, नैतिक मूल्यमान्यता, तत्कालीन राणाशासनको प्रतिबिम्ब, नेपालीहरूको कठिन जीवनचर्या, सामाजिक विसङ्गत तथा मा( नवीय चरित्रको कमजोरीहरूमाथि सूक्ष्म व्यङ्ग्य गर्दै समुन्नत राष्ट्र, सुखी नेपाली, शान्ति, सुरक्षा र भयरहित सामाजिक वातावरण, आधारभूत मानवीय आवश्यकता र तिनको समाधानलगायत राणाशासनको अन्त्य एवम् नेपालीहरूको उज्ज्वल, समृद्ध भविष्यको चाहना व्यक्त गरिएको छ । प्रकृतिकाव्यका रूपमा रहेको ऋतुविचार खण्डकाव्यमा नेपाली समाजका विभिन्न सन्दर्भको व्याख्या प्रकृति कै सापेक्षतामा गरिएको छ र यहाँ काव्यमा वर्णित सामाजिक पक्षको अध्ययन गरिएको छ ।*

**शब्दकुञ्जी** : प्रकृति, संस्कृति, व्यङ्ग्य, ऋतुचक्र, समाज ।

**Abstract :** Lekhnath Paudyal's Rituvichar is a nature poem but in this poetry various aspects of society are portrayed in the context of nature. From the point of view of depicting the society, this poem has expressed the social consciousness. In this article, primary source and secondary source materials have been collected from the library work and the text has been analyzed from the perspective of sociality. In this poem, the presentation of the social reality and the social disharmony have been satirized. The changes in nature and the effect on social life through the cycle of Spring, Summer, Rainy Season, Autumn, Hemanta and Shishir season have been described in the poem. Under the depiction of Nepali society, Nepali society, religion, culture, politics, profession- business, social, economic aspects, moral values, reflection of the then military regime, difficult lifestyle of Nepalese, social disharmony and weaknesses of human character by subtly satirizing a developed nation, happy Nepali, peace, security and fearless. The social environment, basic human needs and their solutions, including the end of military rule and the desire for a bright and prosperous future of Nepali have been expressed. In Rituvichar poetry which is a nature poem, various contexts of Nepali society are explained in relation to nature and the social aspect described in the poem is studied here.

Keywords: nature, culture, satire, seasonal cycle, society.

**विषयपरिचय**

लेखनाथ पौड्याल (१९४१-२०२२) नेपाली कवितालाई शृङ्गारिक धाराबाट अलग गरी परिष्कारवादी धारातर्फ लैजाने कवि हुन् । भाव, भाषा र छन्दमा उच्च परिष्कार गरी परिष्कारवादी कविताको सिर्जना गर्नु कवि पौड्यालको कवितात्मक विशेषता हो । सामाजिक सुधारको चाहना, प्रकृतिको पर्यवेक्षण, नीतिचेतना र सामाजिक व्यङ्ग्यको यथोचित प्रयोग उनका रचनामा पाइन्छ । प्रकृतिलाई माध्यम बनाई समाजको चित्रण गर्न उनी सफल भएका छन् । *ऋतुविचार* (१९९१) खण्डकाव्य नेपाली कविताको परिष्कारवादी भावधाराका कवि लेखनाथ पौड्यालद्वारा रचित एक प्रकृतिपरक काव्य कृति हो । प्रकृतिमा हुने ऋतु परिवर्तन तथा त्यसबाट पर्ने मानवीय प्रभाव र ऋतुप्रतिको मानवीय सोचाइ, हेराइ र बुझाइको सन्दर्भलाई विषयवस्तु बनाएर *ऋतुविचार* खण्डकाव्यको रचना भएको हो । प्रकृतिको वर्णन गर्दै त्यसको सापेक्षतामा समाजको चित्रण गरिएको *ऋतुविचार* खण्डकाव्य प्रकृतिपरक सामाजिक खण्डकाव्य हो । अनुष्टुप् छन्दमा रचिएको यस काव्यकृतिमा वसन्त ऋतु, ग्रीष्म ऋतु, वर्षा ऋतु, शरद ऋतु, हेमन्त र शिशिर ऋतुहरूमा देखिने प्राकृतिक सन्दर्भ र त्यसबाट समाजमा देखिने प्रभावलाई वर्णन गरिएको छ । *ऋतुविचार* काव्यमा नेपाली समाजको चित्रण के कसरी कुन रूपमा प्रस्तुत भएको छ भन्ने समस्यामा केन्द्रित रही *ऋतुविचार*को सामाजिक पक्षको अध्ययन गर्नु यसको लेखको उद्देश्य हो ।

**अध्ययनविधि**

प्रस्तुत अध्ययनमा आवश्यक सामग्रीको सङ्कलन प्राथमिक र द्वितीयक स्रोतबाट गरिएको छ । प्राथमिक स्रोतको सामग्रीका रूपमा *ऋतुविचार* काव्यलाई लिइएको छ । द्वितीयक स्रोतका सामग्रीका रूपमा *ऋतुविचार* खण्डकाव्यका बारेमा गरिएका अध्ययनहरूलाई लिइएको छ । दुबै प्रकृतिका सामग्रीको सङ्कलन पुस्तकालय कार्यबाट गरिएको छ । काव्यको सामाजिक पक्षको अध्ययन गरिएकाले विश्लेषणका लागि सामाजिक अवधारणालाई आधार मानी कृतिको पठनलाई केन्द्रमा राखी अर्थापन गरिएको छ ।

**सामाजिकताको सैद्धान्तिक पर्याधार**

समाजशास्त्र शब्द सोसियोलोजीको नेपाली रूपान्तरण हो । ल्याटिन शब्द 'सोसाइटस्' र 'लोगोस' को संयोजन गरी 'सोसियोलोजी' शब्दको जन्म दिने काम अगस्ट कोम्टेले गरेका हुन् । ल्याटिन शब्द 'सोसाइटिज' को अर्थ समाज र 'लोगोस'को अर्थ 'विज्ञान' भन्ने हुन्छ । यसैले सोसियोलोजीको नेपाली रूपान्तरण समाजशास्त्र हुन आउँछ । समाजशास्त्र मानवीय, सामाजिक क्रियाकलापसँग सम्बन्धित रहेकाले यसको सामाजिक संरचनाका विभिन्न शाखाहरूसँग घनिष्ठ सम्बन्ध रहेको हुन्छ । समाजका विभिन्न संरचनाहरू पारिवारिक, आर्थिक, राजनीतिक, सांस्कृतिक तथा भौतिक विषयहरू परस्पर सम्बन्धित रहेका हुन्छन् । यिनै संरचनाहरूको अन्तरसम्बन्धबाट समाजको निर्माण हुन्छ । साहित्यको समाजशास्त्रको मुख्य उद्देश्य समाजसित साहित्यको सम्बन्धको खोजी गर्नु र त्यसको व्याख्या-विश्लेषण गर्नु हो (क्षेत्री, २०६४, पृ.१५) । साहित्य समाजको दर्पण भएकाले समाजबाट निरपेक्ष रहन सक्दैन । साहित्य समाजबाट नै विकसित हुन्छ । साहित्यिक गतिविधिहरू मानव मात्रका सचेत क्रियाशील र बौद्धिक मानवका कला कार्यहरू हुन् । लेखकले वस्तुयथार्थ र लेखकीय सांस्कृतिक सम्बन्धको योजना बद्धताभित्र साहित्यिक सिद्धान्त र इतिहासको निर्माण गरेको हुन्छ (बराल, २०६४, पृ.४६) । साहित्यिक कृतिको आस्वादन र अध्ययनबाट समाजमा जुन मानसिक प्रभाव पर्छ, त्यही नै कृतिगत प्रभावको सामाजिकता हो । सामाजिक विषयवस्तु र सामाजिक पर्यावरणका चापबाट पर्याप्त धनराशिलाई प्रकट गरिएको साहित्यिक कृति प्रकाशित वा प्रचारित गर्नासाथ एक सार्वजनिक वस्तु

बन्दछ र त्यसले सार्वकालिक अस्तित्त्व लिन पुग्दछ। समाजले त्यस कृतिमा अभिरुचि राख्दछ र त्यसको उपयोगिता देख्छ अनि त्यसलाई ग्रहण गर्न थाल्छ। यहीँदेखि नै कृतिको सामाजिक प्रभाव सुरु हुन्छ (क्षेत्री, २०६४, पृ. १६)। साहित्य र समाज एक अर्काबाट प्रभावित हुन्छ। कुनै पनि साहित्यिक कृति मानिसको सामाजिक स्वरूपको व्याख्या विवेचना एवं आन्तरिक अवस्थाको प्रतिबिम्ब हो। समाजमा रहेका कलाकारले कलाको सृजना गर्छ तर आफ्ना मूल्य, आदर्श एवं परम्पराभ्कै उसको विचार पनि बदलिने गर्छ। भौतिक सम्पन्नता भोगिरहेका कलाकारको विचार पनि समय र मूल्यअनुसार बदलिन्छ। त्यो सार्वभौम स्वरूप विशेष गुणका माध्यमबाट नै प्रकट हुन्छ किनभने कलाको स्रष्टा विशेष समाज र संस्कृति सम्बन्ध हुन्छ। साहित्यको समाजशास्त्रले मानिसको मनोरचना समाजका विशेष यथार्थ घटना, जीवनचर्या, रीतिरिवाजजस्ता विषयको सामाजिक यथार्थसित सम्बद्ध बनाएर विवेचना गर्छ (पाण्डेय, १९८९, पृ. घ)। साहित्य समाज, संस्कृति, धर्म, कानुन, रीतिरिवाज एवं व्यवहार आदिको संश्लिष्ट रूप हो। साहित्यिक कृतिको आस्वादन गर्दा त्यसबाट समाजमा जुन मानसिक प्रभाव पर्छ; त्यही नै कृतिगत प्रभावको सामाजिकता हो।

**'*ऋतुविचार*' खण्डकाव्यमा नेपाली समाज**

*ऋतुविचार* खण्डकाव्य लेखनाथ पौड्यालको वि.सं. १९६६ सालदेखि १९९१ सालसम्मको समयावधिमा परिष्कृत र परिमार्जित हुँदै रचना गरिएको कृति हो। १९६६ मा रचना गरिएको ५० श्लोकको वर्षाविचारमा अरु पाँच ऋतुको वर्णन गरी ३०० श्लोकको *ऋतुविचार* काव्य १९७३ मा तयार भएको हो भने यही १९७३ को *ऋतुविचार*मा केही श्लोक थपेर, परिमार्जन गरेर तथा केही श्लोक हटाएर ६०६ श्लोकको *ऋतुविचार* १९९१ मा प्रकाशित भएको हो। यस काव्यको विषयवस्तुमा तद्‍युगीन नेपालको सामन्ती सामाजिक, शैक्षिक, राजनैतिक, आर्थिक आदिका सन्दर्भहरू प्रकट भएका छन्। प्रस्तुत काव्यको सामाजिक पक्षका सन्दर्भमा महादेव अवस्थी (२०६४) ले यसरी वर्णन गरेका छन्ः

> ऋतुविचारमा प्रकृति चित्रणसँगैलेखनाथ पौड्यालले तत्कालीन नेपाली समाजका कतिपय पक्षको यथार्थ अङ्कन गर्नुका साथै सामाजिक रुढि, कुप्रथा एवम् असङ्गतिप्रति व्यङ्ग्य गरी समाज सुधारको स्वर पनि सुसेलेको भेटिन्छ। तद्‍युगीन जहानियाँ राणाशासकका दरबारिया सामन्ती सौख र धाकरवाफ, सामन्ती बिर्ताप्रथा, त्यतिवेला नेपालका सदरमा चल्न थालेको ट्युसनवृत्ति, नेपाली पहाडी जनजीवनमा प्रचलित लेकबैँसीको मौसमी बसाइसराइ, सामन्ती सामाजिक-आर्थिक ढाँचाअन्तर्गत दारिद्र्यले डढाइएका नेपालीहरूको गरिबी, पहाडी यात्रापथ र भरिया जीवन, पहाडी कृषि पद्धति र दिनरात लम्बाइ-छोटाइले त्यसमा पार्ने असर, जुवा खेलाइको दुर्व्यसन, धामीभ्काँक्री प्रथा, पारिवारिक नातासम्बन्ध र दाइजो प्रथा, सबैतिर चोचोमोचो मिलाउने आनीबानी, मालिक्नी-दासी जस्ता गृहिणीका दुईथरी सामाजिक वर्ग, पौरोहित्य पेसा र हिन्दू यज्ञयागादिमा आएको विपथन एवम् ह्रास आदिजस्ता नेपाली समाजका विभिन्न पक्षको यथार्थमूलक र कतिपय स्थलमा व्यङ्ग्योपहासमूलक चित्रण ऋतुविचारमा गरिएको पाइन्छ। नेपाली समाजको यत्तिको विविधतापूर्ण चित्रणका दृष्टिले यही ऋतुविचार नै जेठो काव्य ठहरिएको छ (पृ. १९५)।

लेखनाथ पौड्यालको ऋतुविचार खण्डकाव्यमा तत्कालीन युग र समाजको जीवन्त चित्रण गरिएको छ। हिन्दु समाजको चारित्रिक पतन र आयातीत जीवनशैलीले नेपाली समाजमा पर्न गएको नकारात्मक प्रभावका सम्बन्धमा काव्यमा चर्चा गरिएको छ। काव्यको हरेक श्लोकको एक पाउमा प्रकृति चित्रण र अर्को पाउमा नीतिचेतना, सांस्कृतिक एवम् सामाजिक पक्षको चित्रण गरिएको छ। लेखनाथ पौड्यालका जीवनका अधिकांश समय राणाकालमा बितेको हुँदा उनले यस काव्यमा राणाकालीन नेपाली समाजको चित्र उतारेका छन्।

*ऋतुविचार* खण्डकाव्यमा प्रकृतिको चित्रणका माध्यमबाट नेपाली समाजको वर्णन गरिएको छ। यस काव्यमा तत्कालीन नेपाली समाजमा शिक्षा र ज्ञानको चेतना विकास र विस्तार हुन थालेको सन्दर्भलाई देखाइएको छ। पैसाको लोभका कारण शिक्षकहरूले बालबालिकालाई पढाएर जीविकोपार्जन गर्ने गरेको सन्दर्भलाई काव्यमा चित्रण गरिएको छ र तत्कालीन समयको समाजमा प्रचलित शिक्षा प्रणालीको चित्र उतारिएको छ :

(१) रस वेतनका लोभी यद्धा भ्रमर- शिक्षक।
आफनू जीविका गर्छन् पढाई पुष्प - बालक ॥ (*ऋतुविचार*, पृ. ६)

कवितांश (१) मा शिक्षकलाई भ्रमरसँग आरोप गरी जसरी भ्रमर फूलको रस चुसेर बाँच्छ त्यसै गरी शिक्षकले पुष्परुपी बालकलाई पढाएर जीविकोपार्जन गर्छन् भन्दै शिक्षकको प्रवृत्तिलाई देखाइएको छ। यसमा तत्कालीन समयमा परम्परागत गुरुकुल शिक्षाप्रणाली छोडर पाश्चात्य शिक्षाप्रणाली भित्रिएपछि ट्युसन पढाएर विद्यार्थीबाट शुल्क असुल्ने शैक्षिक क्षेत्रका विकृतिलाई देखाइएको छ।

प्रस्तुत काव्यमा राणाकालीन समयको परिवेशलाई चित्रण गरिएको छ। वसन्त ऋतुको बगैँचालाई राणाकालीन बैठकको उपमा दिई राणाकालीन दरबारको विलासी प्रवृत्तिलाई चित्रण गरिएको छ :

(२) बगैँचा सब देखिन्छ हजारौँ फूलले गरी।
वसन्तको बुटे तन्ना कसेको बैठकै सरी ॥(*ऋतुविचार*, पृ. ५)

कवितांश (२) मा वसन्त ऋतुमा विभिन्न फूलहरुबाट बगैँचा सिँगारिएर सुन्दर देखिएजस्तै राणाकालीन दर बार पनि विभिन्न शृङ्गारबाट सिँगारिको छ भन्दै नेपाली जनताले राम्रो लाउन र खान नपाएको तर राणाहरु विलासी जीवन बाँचिरहेको सन्दर्भलाई देखाइएको छ।

प्रस्तुत काव्यमा तत्कालीन समयमा नेपाली समाजमा कुनै उद्योग व्यवसाय नभएको, मानिसहरु जागिर भन्दा कृषि पेसामा नै आश्रित रहेको वास्तविकतालाई देखाइएको छ। पहाडी ग्रामीण समाजको गृहस्थीको बिम्बको प्रयोगबाट नेपाली जीवनपद्धतिको अभिव्यञ्जना गरिएको छ। यस कृतिमा नेपालको पहाडी भूभाग र हिमाली क्षेत्रमा बसोबास गर्ने नेपालीहरू कृषिकर्म गर्ने क्रममा हिउँदमा बेसी झर्ने र वर्षायाममा लेक बस्ने गरेको सन्दर्भलाई चित्रण गरि एकाः

(३) बैंसी हिउँदमा झर्छ वर्षामा लेक पस्तछ।
पहाडिया गृहस्थी झैँ क्रौञ्चको श्रेणी बस्तछ ॥ (*ऋतुविचार*, पृ. ११)

कवितांश (३) मा नेपाली पहाडी गाउँलेहरु वातावरण सुन्तलनका लागि हिउँद लागेपछि बैंसीमा झर्ने र वर्षा लागेपछि लेकमा जाने परम्परालाई देखाइएको छ। लेकबैंसी गर्ने नेपाली समाजको जीवनशैलीलाई क्रौच पन्छीका माध्यमबाट देखाइएको छ। वातावरण अनुकुल रहन क्रौच पन्छी लेकबैंसी गरेजस्तै पहाडवासी नेपाली हिउँदमा बैंसी र वर्षामा लेक जाने सामाजिक परम्परालाई चित्रण गरिएको छ।

तत्कालीन समयमा निम्न वर्गका व्यक्तिहरू चाकडी गरेकै भरमा शासकहरूले जग्गा जमिन पाउने, बढुवा हुने, सुख-सुविधा र उच्च ओहोदामा पुग्ने जस्ता सामाजिक राजनैतिक तथा प्रशासनिक कमजोरीप्रति व्यङ्ग्य गरिएको छ। वसन्त ऋतुको सुन्दर बगैँचामा पाइने भँमरालाई बगैँचा भोग गर्न बिर्ता स्वरूप दिएको प्रतीकात्मक भावमार्फत नेपाली समाजमा चाकडी गर्नेहरूले फाइदा लिने गरेको सन्दर्भलाई पनि काव्यमा उद्घाटन गरिएको छ। यसमा कविले

तत्कालीन समाजमा प्रचलित लालमोहरी प्रथाप्रति असन्तुष्टि व्यक्त गरेका छन् ।

(४) गुलाफको लगायेर विधिले लाल-मोहर ।
दियेको हो कि वा बाग भृङ्गकै भोग-खातिर ॥ (*ऋतुविचार*, पृ. ६)

कवितांश (४) मा वसन्त ऋतुको वर्णनका क्रममा विधिको लालमोहर लगाएर भमराले फूलको रस पाएजस्तै राणाको चाकडी गर्नेहरुले राणाबाट लालमोहर लगाएर बिर्ताका रुपमा जग्गा पाउने गरेको सामाजिक कुप्रथाप्रति व्यङ्ग्य गरिएको छ ।

*ऋतुविचार* काव्यमा तत्कालीन नेपाली समाजका मानिसको लोभी, स्वार्थी प्रवृत्तिलाई देखाइएको छ । काव्यमा मानिसमा भएको स्वार्थी प्रवृत्तिका कारण उसले आफ्नो स्वार्थ पूरा भएपछि अरुको सहयोगलाई बिर्सने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

(५) गुणीका गुण झैँ सारा रसधारा चुमीकन ।
भूँभूँ गरी उडी-दिन्छ स्वार्थी भ्रमरको गण ॥ (*ऋतुविचार*, पृ. ६)

कवितांश (५) मा वसन्तऋतुमा लोभी भँमराहरू, पुतली र माहुरीहरू फूलका रसहरू चुसेर चुसिएको फूललाई भुलिदिएजस्तै समाजमा पनि अवगुणी, स्वार्थी र लोभी व्यक्तिहरू गुणीका रसधारा चुसेर खान्छन्, गुणीको भलो, उपकार र सहयोग लिएपछि तिनलाई चटक्कै भुलिदिन्छन् भन्ने सामाजिक यथार्थलाई देखाइएको छ ।

काव्यमा योग्य र सक्षम नेतृत्वबाट मात्र जनता सुखी र देश समृद्ध बन्ने यथार्थलाई देखाइएको छ । कविले वृक्षले बटुवलाई आश्रय दिएजस्तै सक्षम नेतृत्वले जनतालाई प्रश्रय दिने कुरा प्रकट भएको छ ।

(६) गर्छन् विश्राम निर्धक्क बटुवा वृक्षका मनि ।
आडमा योग्य नेताको दुनियाँ झैँ सुखी बनी ॥ *ऋतुविचार*, पृ. १४)

कवितांश (६) मा जसरी बटुवाहरू स्वच्छ र शीतल रुखको छहारीमा निर्धक्कसँग बसेर विश्राम लिएका हुन्छन् त्यसै गरी योग्य र सक्षम नेताको आडमा रहेर मात्र जनता सुखी बन्ने धारणा व्यक्त भएको छ ।

प्रस्तुत काव्यमा विपन्न गरिब नेपालीहरू आफ्नो भोक, रोग र शोकबाट मुक्ति पाउनको निम्ति समाज र र ाज्यसामु गुहार मागेका छन् भन्ने कुराको अभिव्यक्ति काव्यमा यसरी गरिएको छ :

(७) कराउँदै घुमेको छ काकाकूल घरा-घरी ।
कान्ता खोज्न निस्केको पान्थको प्राण झैँ गरी ॥ (*ऋतुविचार*, पृ. १८)

कवितांश (७) मा पानीको प्यासले अत्तालिएर काकाकुल कराउँदै भौँतारिएझैँ, प्रेमिकाको खोजीमा छटपटिएको प्रेमीजस्तै नेपाली जनता पनि अनेक सङ्कटबाट मुक्ति पाउनका निम्ति राज्यसँग गुहार मागेका छन् भन्ने कुरा प्रस्तुत गरिएको छ ।

राजनीतिमा अरुको विनाश गरेर सत्ता आफ्नो हातमा पार्ने प्रवृत्ति देखिने भन्दै कविले दरवारिया राणाशासनको शासकीय प्रवृत्तिलाई कुरुवंशको मिथकीय सन्दर्भका माध्यमबाट प्रस्तुत गरेका छन् :

(८) निकाली अग्निको ज्वाला आपसैमा भिडीकन ।

कुरुवंशी सरी थाल्यो वंश-श्रेणी विनाशिन ।। (*ऋतुविचार,* पृ. २०)

कवितांश (८) मा जसरी कुरुवंशका कौरवहरु अग्निको ज्वाला निकालेर सत्ताप्राप्तिका निम्ति आफ्नै दाजुभाइसँग युद्ध गर्दा कुलकै नाश भएको थियो त्यसै गरी आफ्नै वंशको हत्या गरेर सत्ता लिन खोज्ने राणाहरुको पनि पतन हुने कुरालाई यसमा अभिव्यक्त गरिएको छ।

कविले यस काव्यमा नेपाली समाजमा विद्यमान गरिबी, अभाव, दरिद्रता कायम रहेको कुरालाई देखाएका छन् । नेपाली समाजमा रहेको गरिबी र अभावको अन्त्य गर्नुपर्ने विचार यसमा ध्वनित भएको छ।

(९) वैलाये घामले राम्रा भरिला पुष्प-पल्लव ।
दारिद्र्यले डढायेका दुःखी झैं गत-गौरव ।।(*ऋतुविचार,* पृ. १९)

कवितांश (९) मा ग्रीष्म ऋतुको प्रचण्ड गर्मीले वसन्तमा भरिला भएका फूलहरू र टुसाएका पल्लवी मुनाहरू वैलाएर सकिएझैं समाजका दीनहीन व्यक्तिहरू गरिबीले खान-लाउन नपाई दुःखी छन्, अभावले र दारिद्र्यले डढाएका छन् भन्ने कुराको वर्णन गरिएको छ।

कविले मानिसको स्वभावलाई काव्यमा देखाएका छन् । सामान्य मानिसले मौका पाउनासाथ धेरै फुर्ती देखाउने र अरुलाई सम्मान नगर्ने प्रवृत्तिलाई काव्यमा चित्रण गरिएको छ।

(१०) लडाउँदै मुढा ढुङ्गा खहरे गडगडाउँछ।
छोटो मानिस मौकामा ज्यादा जोश बढाउँछ ।।(*ऋतुविचार,* पृ. ३१)

कवितांश (१०) मा पानी परेको वेलामा मात्र गडगडाउँदै र गर्जन गर्दै बग्ने खहरेको भेलको दृष्टान्तमार्फत कविले कमजोर र क्षमताहीन मानिसले मौका पाउनासाथ आफ्नो फूर्ति र तडकभडक देखाउँछ भन्ने सामाजिक स्वभावलाई देखाइएको छ।

प्रस्तुत काव्यमा शरद् ऋतुमा नेपाली समाजले मनाउने महान् चाड दसैं र तिहारको महत्त्वलाई प्रस्तुत गरिएको छ। नेपालीहरुको चाडबाडप्रतिको रुचि र संस्कारलाई काव्यमा चित्रण गरिएको छ।

(११) यै शरद्मा दशैं हाम्रो, यसैमा दीप-मालिका।
यसैमा धान्य-सम्पत्ति, धन्य यो सुख-तालिका ।। (*ऋतुविचार,* पृ. ४७)

(१२) माथमा जमरा माथी जमाइ गुण केशरी।
नर-नारी जमेका छन् विजयाऽऽनन्दमा परी ।। (*ऋतुविचार,* पृ. ४७)

कवितांश (११) र (१२) मा नेपाली समाजमा दुःख भुलेर सुख र खुसी साटासाट गरी मिठो मसिनो खाएर दसैं तिहार मनाउने गर्दछन् साथै धनधान्य लक्ष्मीको पूजा गरी घर-घरमा धनसम्पत्ति र सुख भित्र्याउँछन् भन्ने नेपाली समाजको संस्कारलाई प्रस्तुत गरिएको छ।

प्रस्तुत काव्यमा नेपाल कृषिप्रधान देश भएको र यहाँका नेपालीहरुको मुख्य पेसा कृषि भएको चर्चा गर्दै किसानको जीवनचित्रलाई प्रस्तुत गरिएको छ।

(१३) खलामा धानको दाँइ गर्न थाले धमाधम।
दुःखीको पसिना-पूर्ण-फल्यो सारा परिश्रम ।। (ऋतुविचार, पृ. ६०)

कवितांश (१३) मा कृषकहरूले लगाएको धान बाली पाकेपछि खलामा राखेर धुमधाम सित दाँइ गर्छन् भन्दै हेमन्त ऋतुमा बाली भित्र्याउने मौसम रहेको कुरा प्रस्तुत गरिएको छ।

**निष्कर्ष**

*ऋतुविचार* कवि लेखनाथ पौड्यालद्वारा रचना गरिएको प्रकृतिकाव्य हो। यसमा ६ वटा ऋतुमा प्रकृति परिवर्तनसँगै मानव समाजमा आउने विभिन्न परिवर्तनहरूको वर्णन गरिएको छ। वसन्त ऋतु, ग्रीष्म ऋतु, वर्षा ऋतु, शरद् ऋतु, हेमन्त ऋतु र शिशिर ऋतुमा प्रकृतिमा आउने परिवर्तनलाई चित्रण गर्दै त्यसका माध्यमबाट नेपाली समाजको चित्रण गरेका छन्। *ऋतुविचार* खण्डकाव्य कवि लेखनाथ पौड्यालको प्रकृतिपरक काव्य भएपनि परिवर्तित हावापानी सँगै परिवर्तित जीवनशैलीको चित्रण गरेर सामाजिक सन्दर्भलाई देखाइएको काव्य हो। यस कृतिले ऋतु परिवर्तनले समाजका धनी र गरिब वर्गलाई पारेको भिन्ना भिन्नै प्रभाव, कतै हर्ष, सुखी त कतै दुःख पीडा समेटिएको जनजीवन, चाडपर्वको लहर, धर्म-संस्कृति र दर्शनको प्रभाव, आर्थिक उन्नति र अवनति, विलासिता जीवन र अभावग्रस्त जीवनको चित्रण मार्मिक रूपमा कविले प्रकृतिकै आडमा सोझै र प्रतीकात्मक रूपमा प्रष्टाएका छन्। यस काव्यमा राणाकालीन नेपाली समाज, राणाकालीन शासकका विलासी प्रवृत्ति, समाजमा विद्यमान चाकडी प्रथा, सामाजिक विकृतिको विरोध, सामाजिक पुनर्जागरणको स्वर आदि पक्ष आएका छन्। नेपाली समाजको चित्रण गर्ने क्रममा कविले नेपाली समाज, धर्मसंस्कृति, पेसा-व्यवसाय, आर्थिक पक्ष, नैतिक मूल्य मान्यता, तत्कालीन राणाशासनको प्रतिबिम्ब, नेपालीहरूको कठिन जीवन चर्चा, सामाजिक विसङ्गत तथा मानवीय चरित्रको कमजोरीहरू आदिको चित्रण गरेका छन्।

**सन्दर्भसामग्री**

अवस्थी, महादेव (२०६४), *आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श,* काठमाडौं : इन्टेलेक्चुअल बुक प्यालेस।

उपाध्याय, केशवप्रसाद (२०३२), *केही रचना केही विवेचना,* काठमाडौँ : रत्नपुस्तक भण्डार।

क्षेत्री, उदय (२०६४), “समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन”. अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, काठमाडौँ : नेपाली केन्द्रीय विभाग. त्रि.वि.।

कुवँर, उत्तम (२०५०), *स्रष्टा र साहित्य* (चौथो संस्क.), ललितपुर : साझा प्रकाशन।

ढुङ्गाना, लावण्यप्रसाद र घनश्याम दाहाल (२०६०), *खण्डकाव्य सिद्धान्त र नेपाली खण्डकाव्य,* काठमाडौँ : भुँडीपुराण प्रकाशन।

त्रिपाठी, वासुदेव (२०३२), *नेपाली कविताको सिंहावलोकन,* दो.सं., ललितपुर : साझा प्रकाशन।

त्रिपाठी, वासुदेव (२०३४) *लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन,* काठमाडौं : पाठ्यक्रम विकास केन्द्र, त्रि.वि.।

पाण्डेय, मैनेजर (सन् १९८९), *साहित्य के समाजशास्त्र की भूमिका* (दो.सं.),हरियाणा : डा. पृथ्वीराज कालिया।

पौड्याल, लेखनाथ (२०६६), *ऋतुविचार,* चौबिसौ संस्क., ललितपुर : साझा प्रकाशन।

बराल, ऋषिराज (२०६४), *साहित्य र समाज,* ललितपुर : साझा प्रकाशन।

रिसाल, राममणि (२०४५), *नेपाली काव्य र कवि* (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन।

लुइटेल, खगेन्द्रप्रसाद (२०६७), *नेपाली काव्य समालोचना,* काठमाडौँ : पैरवी प्रकाशन।